आज मिति २०८२ साल भाद्र ३१ गते मंगलबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

प्रतिलिपि प्रमाणित

निर्णयहरु:

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा ।

निर्णयः ७१ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः क्षतीको प्रारम्भिक मूल्याङ्कन सम्बन्धमा ।

निर्णयः मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजीको आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भएकोमा उक्त तोडफोड र आगजनीको क्रममा हेटौंडा उपमहानगरपालिकामा रु. ३२ करोड ६५ लाख ५५ हजार १ सय ६८ बराबरको क्षती भएको प्रारम्भिक मूल्याङ्कनबाट देखिएको र उक्त क्षतीको विवरण सम्बन्धित निकायमा जानकारीको लागि पठाउने ।

३) प्रस्तावः सेवा प्रवाह सम्बन्धमा ।

निर्णयः मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजीको आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भएकोमा उक्त तोडफोड र आगजनीको क्रममा सम्बन्धित कार्यालयमा भएका अभिलेख, मेसिनरी औजार लगातयका सामानहरु जलेर पूर्ण रुपमा क्षती भएको हुँदा सेवा प्रवाह गर्न आवश्यक पर्ने न्यूनतम सामाग्रीहरु सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ बमोजिम विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी भएको व्यवस्था अनुसार कानूनको परिधिभित्र रही खरिद गरी सेवा प्रवाह सुचारु गर्ने ।

४) प्रस्तावः दायित्वको भुक्तानी सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वियन भएका योजना तथा कार्यक्रमहरुको स्रोतमा रकम अभाव भएका कारणले भुक्तानी हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरु कार्यान्वियन गर्ने व्यक्ति तथा संस्थाबाट भुक्तानीका लागि कार्यालय, वडा कार्यालयमा पेश गरेका कागजपत्रहरु सकुसल रहेको हकमा चालु आर्थिक वर्ष २०८२/०८३ मा विनियोजन गरिएको स्रोतमा आएको निकासा अनुसार कम्तीमा ४० प्रतिशत क्रमशः भुक्तानी गर्दै जाने र कागजपत्र जलेर नष्ट भएको हकमा सम्बन्धित निकायबाट निर्देशन प्राप्त भएकोमा सोही अनुसार गर्ने र सम्भव भएसम्म क्रमशः कागजपत्र संकलन गरि भुक्तानी प्रकृया अगाडि बढाउने ।

५) प्रस्तावः कारबाही सम्बन्धमा ।

निर्णयः मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजीको आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी गर्न संलग्न भएको सूचना प्राप्त भएकाले त्यस्तो कार्यमा संलग्न जिम्मेवार पदाधिकारी वा अन्यको छानविन गरी सम्बन्धित निकायमा कारवाहीको लागि पठाउने ।

६) प्रस्तावः सहयोग स्वीकार गर्ने सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको दैनिक सेवा प्रवाह गर्न आवश्यक पर्ने सरसामानहरु कुनै व्यक्ति, निकाय तथा संस्थाले सहयोग गरी उपलब्ध गराउन चाहेमा त्यस्तो सहयोग स्वीकार गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखतः ............
नामः भरत गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः ............

७) प्रस्ताव: सेवा स्थगन सम्बन्धमा ।

निर्णय: हेटौंडा उपमहानगरपालिकाले हालको विषम परिस्थितिको आँकलन गरी काम नभएका विभिन्न शाखा अन्तर्गतका कर्मचारीहरुबाट लिई रहेको सेवा हाललाई स्थगित गरी आवश्यक परेको बेलामा ती कर्मचारीहरुलाई सेवामा पुन: बोलाउने गरी सेवा स्थगन गर्ने ।

८) प्रस्ताव: स्वास्थ्य संस्था सञ्चालन अनुमति सम्बन्धमां ।

निर्णय: हेटौंडा उपमहानगरपालिका जनस्वास्थ्य सेवा ऐन, २०७९ बमोजिम गठित प्राविधिक समितिको मिति २०८२ जेठ २५ गतेको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित शाखा/महाशाखाबाट पेश भएको टिप्पणी समेतको आधारमा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २१ को उपदफा (७), (८), जनस्वास्थ्य नियमावली, २०७७ को नियम १२ को उपनियम (२), (३), (४), (५) र हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ को दफा ३ को उपदफा (१), दफा ५ को उपदफा (१), (२), (३) र (४) बमोजिम तपसिल बमोजिमका स्वास्थ्य संस्था सञ्चालन गर्नको लागि अनुमति प्रदान गर्ने:

तपसिल

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | किसिम | अनुमतिको प्रकार | ठेगाना | सञ्चालकको नाम | सम्पर्क नं. | दर्ता मिति | सञ्चालन अनुमति प्रदान गरिने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | संजिबनी बुटी ग्लोबल प्रा.लि. | आयुर्वेद क्लिनिक | पुन:सञ्चालन अनुमति | हेटौंडा-१ रासीरोड | तुलसी गिरी | ९८५५०७०७३० | ०८१/३/११ | पछिल्लो कायम मितिले ३ वर्ष |
| २ | हेटौंडा सिटी अस्पताल | १५ बेडको जनरल अस्पताल | पुन:सञ्चालन अनुमति | हेटौंडा-१ भिन्तुनापथ | डा.वसिम राई | ९८४१३२८८६५ | ०८२/१/८ | पछिल्लो कायम मितिले २ वर्ष |
| ३ | सिद्धस्थली रुरल कम्युनिटी हस्पिटल | १५ बेडको जनरल अस्पताल | पुन:सञ्चालन अनुमति | हेटौंडा-६ रामनगर | गोमा कुमारी गौतम बराल | ९८४३६३६३४८ | ०८२/१/२१ | पछिल्लो कायम मितिले २ वर्ष |
| ४ | म्यानुवल थेरापी एण्ड पेन रिलिफ फिजियो थेरापी केन्द्र | बैकल्पिक चिकित्सा सेवा | पुन:सञ्चालन अनुमति | हेटौंडा-४ पारिजातपथ | आशिष सुवेदी | ९८५५०६६६६६ | ०८१/३/१९ | पछिल्लो कायम मितिले ३ वर्ष |
| ५ | हेटौंडा डायोग्नोसिस सेन्टर | डि वर्गको प्रयोगशाला | पुन:सञ्चालन अनुमति | हेटौंडा-४ बैंकरोड | प्रज्ञान घिमिरे | ९८४५०२२६६८ | ०८१/८/३ | पछिल्लो कायम मितिले ३ वर्ष |

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........

९) प्रस्तावः बजेट बाँडफाँट स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यालय सामान, मसलन्द, छपाई, फर्निचर तथा फिक्चर्स, कम्प्युटर पिन्टर तथा अन्य मेशिनरी औजार, सडक बत्ती तथा बैकल्पिक उर्जा प्रर्वधन कार्यक्रम शिर्षकमा विनियोजन गरिएको बजेट कार्यान्वयन गर्न नपाउँदै मिति २०८२।०५।२३ र २४ गते भएको देशव्यापी आन्दोलनबाट उपमहानगरपालिका कार्यालय, वडा कार्यालयहरु, सेवा केन्द्र, स्वास्थ्य केन्द्रमा समेत जलेर पूर्ण नष्ट भएको हुँदा कार्यालय, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य केन्द्रबाट सेवा सुचारु गर्न आवश्यक पर्ने न्यूनतम सामग्री फर्निचर, कम्प्युटर प्रिन्टर, विद्युती सामग्री, कार्यालय तथा मसलन्दको तत्काल व्यवस्था गर्नु पर्ने भएको हुँदा २०८३ असार २७ गतेको नगर सभाबाट एकमुष्ठ रुपमा देहाय बमोजिमको शीर्षकमा विनियोजन भएको रकम देहाय बमोजिम बांडफाटं स्वीकृत गरी कार्यालय व्यवस्थापन तथा नियमित सेवा प्रवाहका लागि सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ को परिधि भित्र रहि उपमहानगरपालिका अन्तर्गतका विभिन्न सेवा प्रकृति र लक्ष्य/उद्धेश्य भएका मातहतका कार्यालय सेवा केन्द्र, टोलविकास संस्थाको लागि आदेश, माग र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने।

१. फर्निचर तथा फिक्चर्स तर्फ विनियोजित रकम रु ३०,००,०००।-

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्सचर्स | पहिलो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | पहिलो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

२. मसलन्द तर्फ विनियोजित रकम रु ९०,००,०००।-

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मसलन्द र कार्यालय समान खर्च | पहिलो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | पहिलो चौमासिक | १०,००,०००.००।- | |
| | | पहिलो चौमासिक | १०,००,०००.००।- | |
| | | दोश्रो चौमासिक | ३०,००,०००.००।- | |
| | | दोश्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

३. छपाई सम्बन्धी खर्च रकम रू ४०,००,०००।–

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्सचर्स | पहिलो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | पहिलो चौमासिक | १०,००,०००.००।- | |
| | | दोश्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | १०,००,०००.००।- | |

४. कम्प्युटर, प्रिन्टर तथा मेसिनरी औजार रू ३५,००,०००।-

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्युटर, प्रिन्टर तथा मेसिनरी औजार | पहिलो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |
| | | पहिलो चौमासिक | १०,००,०००.००।- | |
| | | दोश्रो चौमासिक | १०,००,०००.००।- | |
| | | तेस्रो चौमासिक | ५,००,०००.००।- | |

५. मोटरसाईकल तथा स्कुटर खरिद रू ३४,००,०००।-

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाईकल तथा स्कुटर खरिद | दोश्रो चौमासिक | ३४,००,०००.००।- | माग र आवश्यकताको आधारमा |

६. मेशिनरी औजार तथा सामाग्री खरिद रू २५,००,०००।-

| क.स. | बजेट शिर्षक | खर्च अवधि | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मेशिनरी औजार तथा सामाग्री खरिद | पहिलो चौमासिक | १०,००,०००.००।- | माग र आवश्यकताको आधारमा |

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........

प्रतिलिपि प्रमाणित